का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ माघ २०८०,
सोमबार
29 January 2024,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३५५ । पृष्ठ १२ — Madhyanha National Daily — www.madhyanhadaily.com

# सीपीसीको बढ्दो सक्रियता

नेपालमा अमेरिकी प्रभाव बढ्न नदिन र चिनियाँ चासोका सम्बन्धमा नेताहरुलाई बोल्न लगाउन आइतबार काठमाडौंमा सबैजसो राजनीतिक दलका नेताहरुको उपस्थितिमा अन्तरक्रियात्मक कार्यक्रम नै राखिएको हो ।



केही देशहरु चीन र नेपालको सम्बन्धमा भाँजो हाल्न चाहिरहेका छन् । तर हामी राजनीतिक दलहरूबीच राम्रो सम्बन्ध बनाउन चाहन्छौं ।

**सुन हाइयान**
**उपमन्त्री, अन्तर्राष्ट्रिय विभाग, सीपीसी**



नेपाल सधैं एक चीन नीतिको पक्षमा छ । बीआरआईका सन्दर्भमा परियोजना पहिचानमा पछि परेको र छिटो गर्नुपर्ने हाम्रो पार्टीको धारणा छ ।

**शंकर पोखेल**
**महासचिव, नेकपा एमाले**



हामी चीनसँग सहकार्य गर्न चाहन्छौं । कांग्रेसले चीनसँग सहकार्य गर्न चाहेको छ ।

**डा. शशांक कोइराला**
**नेता, नेपाली कांग्रेस**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

नेपालमा फेरि चिनिया चासो बढेको छ । भ्रमणका साथ साथै चीनको सक्रियता पनि बढ्दो छ । नेपालमा अमेरिकी प्रभाव बढ्न नदिन र चिनिया चासोका सम्बन्धमा नेताहरुलाई बोल्न लगाउन आइतबार काठमाडौंमा सबै दलका नेताहरुको उपस्थितिमा अन्तरक्रियात्मक कार्यक्रम नै राखिएको थियो ।

उक्त कार्यक्रममा राष्ट्रिय सभाकी उपाध्यक्ष उर्मिला अर्याल, नेकपा एमालेका महासचिव शंकर पोखरेल, नेपाली कांग्रेसका नेता शशांक कककककोइराला सहितका नेताहरु थिए । चिनियाँ कम्युनिस्ट पाटी (सीपीसी) अन्तर्राष्ट्रिय विभागकी उपमन्त्री सुन हाइयानको नेतृत्वमा जारी नेपाल भ्रमणका क्रममा सर्वदलीय सभागितामा




काठमाडौंमा आयोजित चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) अन्तर्राष्ट्रिय विभागकी उपमन्त्री सुन हाइयानसँगको अन्तरक्रिया कार्यक्रममा नेपाली नेताहरु ।

अन्तरक्रियात्मक कार्यक्रम भएको हो । जसलाई सम्बोधन गर्दै उपमन्त्री सुन हाइयानले कतिपय देशले नेपाल र चीनको सम्बन्ध राम्रो देख्न नचाहेको बताइन् ।

'हामी राजनीतिक दलहरूबीच राम्रो सम्बन्ध बनाउन चाहन्छौं । किनभने केही देशहरु हाम्रो सम्बन्धमा भाँजो हाल्न चाहिरहेका छन्' उनले भनेकी छन् ।

अहिले गुटहरू बनाउने, क्षेत्रीय द्वन्द्व बढाउने र गलत अफवाह फैलाउने काम भएको बताउँदै उनले त्यसलाई चिर्दै चीन र नेपालबीचको मित्रता अझ बलियो बनाउन जरुरी रहेको बताइन् । वर्तमान समयमा धेरै किसिमका सहमति र समझदारीले दुई देशको सम्बन्ध नयाँ उचाइमा पुगेको पनि उनको भनाइ छ ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा एमालेका महासचिव शंकर पोखेलले नेपाल सधैं एक चीन नीतिको पक्षमा रहेको बताए । महासचिव पोखेलले नेपालका बारेमा अरूले छर्ने भ्रमबारे चीनले चिन्ता गर्नु नपर्ने बताउँदै नेपाल आफैं सम्बन्ध सञ्चालनमा सक्षम रहेको बताए । साथै उनले आफूहरू दुई छिमेकीलाई विश्वासमा लिएर काम गर्न चाहेको बताए ।

उनले बीआरआईका सन्दर्भमा परियोजना पहिचानमा पछि परेको र छिटो गर्नुपर्ने पार्टीको धारणा रहेको बताए । कोभिडका बेला बन्द भएका नाका खोल्न आग्रह गर्दै उनले खुलेका नाका पर्याप्त नभएको बताए ।

कार्यक्रममा सहभागी नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले आफूहरू चीनसँग सहकार्य गर्न चाहेको बताए । >>> पृष्ठ २ मा

## ८ वर्षपछि प्रहरी समायोजन

# प्रजिअलाई प्रदेश मातहत राख्ने प्रस्ताव

नेताहरुका अनुसार यही माघ १७ गते प्रधानमन्त्री नेतृत्वको राष्ट्रिय समन्वय परिषदको बैठक बसेपछि लामो समयदेखि रोकिएको समायोजन प्रक्रिया अगाडि बढ्नेछ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १४ माघ ।



गृहमन्त्रालय अन्तर्गतको विषययत समितिले प्रहरी समायोजन तत्काल अगाडि बढाउने निर्णय गरेको छ । आइतबार उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ नेतृत्वमा बसेको समितिले प्रहरी समायोजन तत्काल अगाडि बढाउने निर्णय गरेको हो ।

नेताहरुका अनुसार यही माघ १७ गते प्रधानमन्त्री नेतृत्वको राष्ट्रिय समन्वय परिषदको बैठक बसेपछि लामो समयदेखि रोकिएको समायोजन प्रक्रिया अगाडि बढ्नेछ । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन बमोजिम बनेको समितिको बैठक आइतबार गृह मन्त्रालयमा बसेको हो । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा बसेको बैठकमा सात प्रदेशका गृहमन्त्रीका साथै स्थानीय तहका प्रतिनिधि पनि उपस्थित थिए ।

बैठकले लामो समयदेखि अवरुद्ध प्रहरी समायोजन शीघ्र अगाडि बढाउने निर्णय गरेको हो ।

साथै संघीय प्रहरी ऐन निर्माण तथा प्रहरी समायोजन ऐन, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय ऐन) संशोधन अघि बढाउने निर्णय गरेको हो ।

बागमती प्रदेशका आन्तरिक मामिलामन्त्री गंगानारायण श्रेष्ठका अनुसार बैठकमा प्रदेश गृहमन्त्रीहरुले प्रमुख जिल्ला अधिकारीले प्रदेशसँग समन्वय गर्ने विद्यमान व्यवस्था अपर्याप्त भएको बताएका छन् ।



संघको प्रमुख जिल्ला अधिकारीले प्रदेशको प्रहरीलाई कमान्ड गर्ने कुरो मिलेन, यदि सीडीओले नै परिचालन गर्ने हो भने संरचनागत रुपमा ऊ प्रदेशमा बाँधिनुपर्छ ।

**■ गंगानारायण श्रेष्ठ**
**आन्तरिक मामिलामन्त्री**
**बागमती प्रदेश**

प्रहरीलाई समायोजन गरेपछि प्रमुख जिल्ला अधिकारीले नै परिचालन गर्दा दोहोरो कमान्ड हुने भन्दै कमान्ड सिस्टम मिलाउन सुझाव दिइएको बागमती प्रदेशका आन्तरिक मामिला मन्त्री श्रेष्ठले बताए । 'संघको प्रमुख जिल्ला अधिकारीले प्रदेशको प्रहरीलाई कमान्ड गर्ने कुरो मिलेन, यदि सीडीओले नै परिचालन गर्ने हो भने संरचनागत रुपमा उ प्रदेशमा बाँधिनुपर्छ ।'

नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन सुपरिवेक्षण, समन्वय ऐन-२०७६ अनुसार केन्द्रको प्रतिनिधि >>> पृष्ठ २ मा

## काठमाडौंको सुरक्षा प्रदेशको क्षेत्राधिकार

प्रहरीलाई संविधान विपरीत केन्द्रीय प्रहरीको मातहतमा राखिएको बारेमा पनि आइतबार छलफल भएको छ ।

बागमती प्रदेशले उपत्यका प्रहरी कार्यालयलाई केन्द्र मातहत राख्न नहुने सुझाव दिएको छ । नयाँ कानुन बनाउनुपरेमा पनि बनाउने तर, समायोजन सुरु गर्ने भन्नेबारे छलफल भएको मन्त्री श्रेष्ठले बताए ।

समायोजन हुने प्रहरी कर्मचारीको वृत्ति विकासबारे संघीय ऐन ल्याउने र त्यसमै छलफल गर्ने सरकारको तयारी छ । सुपरिवेक्षण ऐनअनुसार समायोजन हुने प्रहरी कर्मचारीलाई बढुवामा बाधा नपर्ने गरी समायोजन प्रक्रिया अगाडि बढाउन लागिएको छ ।

# विपक्षीले खोजे विद्युत खरिद सम्झौताको प्रति

प्रधानमन्त्री प्रचण्डसँगै छलफल गरेपछि संसदको विषयगत समितिले सरकारसँग भारतीय पक्षसँग भएको सम्झौताको प्रति माग गरेको थियो । नपठाएको भन्दै विपक्षी सांसदहरुले सरकारको आलोचना गरेका हुन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

विपक्षी दलहरुले भारतसँग हालै गरिएको विद्युत खरिद सम्झौताको सक्कलप्रति माग गरेका छन् ।

आइतबार प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा विषय समय लिएर विपक्षी दलहरु नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसदहरुले भारतसँग हालै गरिएको विद्युत खरिद सम्झौता सहितका सम्झौतको सक्कलप्रति माग गरेका हुन् ।

कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै नेकपा एमालेका सचेतक महेश बर्तौला, रास्वपाका प्रमुख सचेतक सन्तोष परियार, राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाही लगायतका सांसदहरुले सो सम्झौता तत्काल संसदीय समितिमा पेश गर्न सरकारसँग माग गरेका हुन् ।

एमालेका सचेतक बर्तौलाले उक्त सम्झौता तत्काल समितिमा पेश गर्न दिएको निर्देशन सरकारले अटेर गरेको भन्दै आपत्ति जनाए । उनले संसदीय समितिले दिएको निर्देशन सरकारले पालना नगर्ने कुरा कुनै पनि हालतमा स्वीकार्य नहुने चेतावनी दिँदै तत्काल समितिका उपलब्ध गराउन ढिलाइ नगर्न पनि सरकारलाई सचेत गराए ।

रास्वपाका प्रमुख सचेतक परियारले संसदीय समितिले दिएको निर्देशन अवमूल्यन गर्ने काम नगर्न सरकारको ध्यानाकर्षण गराए । उनले सो सम्झौताको प्रति तत्काल उपलब्ध गराउनका लागि सरकारलाई फेरि रुलिङ गर्न पनि कानून, न्याय तथा मानव अधिकार समितिका सभापतिलाई सुझाव दिए ।

प्रमुख सचेतक परियारले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफैंले आएर समितिमा सो प्रति उपलब्ध गराउँछु भनेको कुरा पनि हालसम्म नआउनु उचित नभएको बताए । संसद नभएको बेला जनतालाई जानकारी गराउन त्यस्ता खालका सम्झौता सरकारले संसदीय समितिमा पेश गर्नुपर्ने उनको भनाइ थियो ।

यो विषयमा यसअघि समितिले प्रधानमन्त्री प्रचण्डसँगै >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# भिजिट भिसा प्रकरण : प्रहरीले सरकारी वकिल कार्यालयलाई बुझायो अनुसन्धान प्रतिवेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ माघ

प्रहरीले भिजिट भिसाको सेटिङमा वैदेशिक रोजगारमा पठाउने गिरोहको भ्रष्टाचारसम्बन्धी अनुसन्धान सकेर सरकारी वकिल कार्यालय काठमाडौंलाई प्रतिवेदन बुझाएको छ । प्रहरीले उक्त प्रकरणमा १० जनालाई पक्राउ गरेको छ भने कुनै बेला वैदेशिक रोजगार विभागमा चल्तीका अधिकृत कुशल बरालसहित ११ जना फरार रहेको बताइएको छ ।

फरार हुनेहरुमा ८ जना अधिकृत रहेको बताइएको छ । अधिकृत बरालसहित शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल, विकास डंगोल, पिताम्बर रिमाल र सुजन फागो तथा तीन जना बिचौलियाहरु विरुद्ध पनि पक्राउ पुर्जी जारी भएको प्रहरीले बताएको छ ।

गत असोजमा भिजिट भिसामा विदेश पठाउने प्रयोजनका १ हजार ५ सय १३ वटा कागजातहरु बरामद भएपछि प्रहरीले डीएसपी गोविन्द पन्थीको नेतृत्वमा अनुसन्धान शुरु गरेको थियो ।

नेपालीलाई भिजिट भिसामा वैदेशिक रोजगारीका लागि पठाएको भन्दै प्रहरीले अध्यागमन कार्यालय, नेपाल वायु सेवा निगमका कर्मचारी र प्रहरी जवानलाई पक्राउ गरेको थियो । गत मंसिरमा अध्यागमन अधिकृत नरवीर खड्का पक्राउ परेपछि अधिकृत बरालसहितका >>> पृष्ठ २ मा

## साउदीमा अवैध बस्नेहरुविरुद्ध धरपकड तीव्र

**काठमाडौं/मस–** साउदी अरेबियाले अवैधानिकरुपमा बसेका विदेशी कामदारसहित गैरआवासीयहरुविरुद्ध धरपकड तीव्र पारेको छ । एकहप्ताको अवधिमा १९ हजारभन्दा बढी अवैधानिक विदेशीहरुलाई पक्राउ गरेको साउदीले १० हजारभन्दा बढी अवैध आप्रवासी कामदारलाई देशबाट निकाला गरेको बताएको छ ।

साउदीमा मुख्यगरी सप्लाइ कम्पनीमा कार्यरत धेरै नेपाली कामदारको भिसा नवीकरण नगरेको भएपनि डिपोर्ट गरिएका नेपालीको संख्या भने समाचारमा खुलाइएको छैन । साउदी गजेटका अनुसार पक्राउ परेका मध्ये ११ हजार ४ सय २७ रेसिडेन्सी कानून उल्लंघन गर्ने, ४ हजार ६ सय ९७ सीमा सुरक्षा कानून उल्लंघन गर्ने र ३ हजार १९७ श्रम कानून उल्लंघन गर्नेहरु रहेका छन् । साउदीको सुरक्षा निकाय र सम्बन्धित सरकारी निकायले गरेको संयुक्त क्षेत्रीय सुरक्षा अभियानका क्रममा पक्राउ >>> पृष्ठ २ मा

## मकाउ पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि मकाउ पठाइदिन्छु भन्दै ठगी गरेको उजुरीका आधारमा प्रहरीले काठमाडौं महाराजगञ्ज बस्ने पृथ्वीराज सिग्देललाई पक्राउ गरेको छ । मनिराम तिमल्सिनासमेतलाई वैदेशिक रोजगारीका लागि मकाउ पठाइदिने र त्यसका लागि प्रतिव्यक्ति ९ लाख रुपैयाँ लाग्छ भनि २ लाख ७० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएको अवस्थामा सिग्देल पक्राउ परेको प्रहरीले बताएको छ ।

सिग्देलले मकाउ पुगेपछि मासिक १ लाख ८० हजार रुपैयाँ तलब हुने प्रतिष्ठित कम्पनीमा सुरक्षागार्डको काम लगाइदिने भनेर प्रलोभनमा >>> पृष्ठ २ मा

# सप्तरीमा सहकारी ठगीको नयाँ रुप

जिल्ला जनस्वास्थ्य कार्यालयका तत्कालीन कार्यालय प्रमुख नै साक्षी बसेर करोडौं रकम सहकारीमा जम्मा गर्न लगाएको पाइएको छ । जब समस्या भयो तब साक्षी मौखिक रहेको भनि सम्बन्धित कार्यालय पन्छिन खोजेपछि ३० हजार बढी बचतकर्ता मारमा परेका हुन् ।

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १४ माघ ।

सप्तरीमा सहकारी ठगीको नयाँ रुप देखा परेको छ । जिल्ला जनस्वास्थ्य कार्यालयका तत्कालीन कार्यालय प्रमुख नै साक्षी बसेर करोडौं रकम सहकारीमा जम्मा गर्न लगाएको पाइएको छ । जब समस्या भयो, तब साक्षी मौखिक रहेको भनी सम्बन्धित कार्यालय पन्छिन खोजेपछि ३० हजार बढी बचतकर्ता मारमा परेका हुन् ।

सप्तरीको राजविराजस्थित ग्लोबल सहकारी संस्था लिमिटेडले बचतकर्ताको करोडौं रकम फिर्ता नगरी फरार भएपछि समस्या बाहिरिएको हो । यो समस्याका कारण स्वास्थ्य स्वयंसेविकाहरु अप्ठेरोमा परेका छन् ।

अप्ठेरोमा परेकी स्वास्थ्य स्वयंसेवीकाहरु आइतबार जिल्ला स्वास्थ्य कार्यालय राजविराजमा तालाबन्दी गर्न पुगेका थिए । तर, उनीहरुलाई प्रहरी प्रशासनले >>> पृष्ठ २ मा




आइतबार जिल्ला स्वास्थ्य कार्यालय राजविराजमा र्‍यालीसहित पुगेका महिलाहरु ।

## अख्तियारको तामेलीमा उजुरी

ग्लोबल सहकारी संस्था लिमिटेडको ठगीमा परेको बचतकर्ताहरुले अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय इटहरीमा छानबिनका लागी उजुरी दिएको छन् । २०७९ साल फागुन ८ गते दिइएको ७९८०सी-०४२८१७ नम्बरको उक्त उजुरीलाई अख्तियारले भने तामेलीमा राखेको छ ।

आयोगको २०७९ साल चैत महिनाको ९ गतेको निर्णय अनुसार प्रारम्भिक छानबिन गरेको र आवश्यक थप प्रमाण फेला परेको बखत थप कारबाही सोही बेला गर्ने भन्दै तामेलीमा राखेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धानमा समेत उजुरी दिएको भए तापनि जनस्वास्थ्य >>> पृष्ठ २ मा

# ‘कल्याणकारीका प्रक्रियागत जटिलता समाधानमा सरकारको पूर्ण सहयोग रहन्छ’



**काठमाडौं/मस–** उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले राज्यले आवश्यक महसुस गरेर सुम्पेका जिम्मेवारी निर्वाहमा नेपाली सेना सदैव अब्बल रहँदै आएको बताएका छन् ।

विसं २०३२ मा स्थापना भई सञ्चालनमा रहेको गैरनाफामूलक कोष र मातहत सञ्चालित विविध गतिविधिबारे जानकारी लिँदै उपप्रधानमन्त्री खड्काले मुलुकका लागि मरिमेट्न तयार सैनिक व्यक्ति र तिनका परिवारजनसँग जोडिएको कल्याणकारीका प्रकृयागत जटिलता समाधानमा सरकारको पूर्ण सहयोग रहने बताए ।

सैनिक कल्याणकारी निर्देशनालयमा आयोजित उक्त कार्यक्रममा उपप्रधानमन्त्री खड्काले सैनिक कल्याणकारी कोष सकलदर्जाको योगदानबाट खडा भइ सेवारत र अवकाश प्राप्त सैनिक व्यक्तिको भरोसा बनेको बताए । रक्षामन्त्री खड्का सैनिक कल्याणकारी कोषको सहसंरक्षक हुन् ।

उनले भने,‘सैनिक कल्याणकारी कोषको मूल स्रोत घट्ने अवस्था आइपरेमा समेत सेवा विस्तार गर्ने चुनौतीसँग सन्तुलन मिलाउन विकल्पको पहिचान गरी आयआर्जनको दायरा विस्तार गर्नेतर्फ विचार पुऱ्याउन जरुरी छ ।’

रक्षामन्त्री खड्काले राष्ट्रिय सुरक्षाको मुख्य दायित्वसँगसँगै देशको विकासमा पनि योगदान पुऱ्याउँदै आएको सेनाले कोषमार्फत सञ्चालित शैक्षिक गतिविधिको उत्कृष्ट नतिजा तथा यस्ता कार्यक्रमबाट सर्वसाधारणले पनि लाभ हासिल गरेको देख्न र सुन्न पाउँदा आफूलाई खुसी लागेको बताए ।

सो अवसरमा प्रधानसेनापति प्रभुराम शर्माले बहुजन हिताय, बहुजन सुखाय मूलमन्त्रसहित हिताधिकारीको जीवनयापनमा सहयोग पुऱ्याउन सैनिक कल्याणकारी कोष मातहत सञ्चालित गतिविधि पारदर्शी एवं नियमसङ्गत रहेको जानकारी गराए । उनले हिताधिकारीको कल्याणमा प्रभावकारी ढंगले सेवासुविधाको विस्तार गर्न कोष प्रयत्नशील रहेको उल्लेख गरे ।

नेपाली सेनाका बहालवाला एवं अवकाश प्राप्त सकलदर्जा तथा तिनका आश्रित परिवारजनको हितका लागि शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियत उपलब्ध गराई जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालित कल्याणकारी गतिविधिबाट सर्वसाधारण पनि लाभान्वित हुँदै आएका छन् ।

कोषको मूलधन रु ७५ अर्ब ९० करोड ५७ लाख ४९ हजार नगद मौज्दात रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । विभिन्न कार्यक्रममा ६ अर्ब ७५ करोड ५५ लाख लगानीसमेत कोषको यथार्थ सम्पत्ति रु ८२ अर्ब ६६ करोड १२ लाख रहेको छ ।

सैनिक कल्याणकारी निर्देशनालय मातहत सञ्चालित शिक्षण संस्था, स्वास्थ्य उपचार सुविधा एवं अन्य गतिविधिबाट तीन हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । यस्तै, वार्षिक रु एक अर्ब २५ करोडभन्दा बढी रकम मुलुकको राजस्वमा प्रत्यक्ष योगदान भइरहेको छ ।

कार्यक्रममा रक्षा सचिव किरणराज शर्मा, बलाधिकृत रथी अशोकराज सिग्देल तथा सैनिक कल्याणकारी बोर्डका कार्यकारी निर्देशक रथी गौरव तण्डुल (अ.प्रा.)सहितका पदाधिकारी सहभागी थिए ।

# राष्ट्रपति पौडेलसमक्ष राष्ट्रिय सभा निर्वाचनको प्रतिवेदन पेस



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोगले राष्ट्रियसभाको यही माघ ११ मा सम्पन्न निर्वाचन परिणामसहितको प्रतिवेदन पेस गरेको छ ।

आगामी फागुन २१ गतेदेखि रिक्त हुने १९ सदस्यका लागि सात प्रदेशमा निर्वाचन भएको थियो । राष्ट्रपति भवन शीतल निवासमा आइतबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेललाई प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सो प्रतिवेदन बुझाउनुभएको हो । राष्ट्रियसभा प्रदेशसभाका सदस्य र नगरपालिकाका प्रमुख/उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष मतदाता रहने व्यवस्था छ ।

राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६० बमोजिम राष्ट्रियसभा सदस्य निर्वाचन, २०८० को निर्वाचन परिणामसहितको प्रतिवेदन पेस गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिए । सो अवसरमा निर्वाचन आयुक्तहरू रामप्रसाद भण्डारी, डा.जानकीकुमारी तुलाधार, सगुनशमशेर जबरा, सचिव सूर्यप्रसाद गौतमलगायतको उपस्थिति थियो ।

# मधेशका मुख्यमन्त्री यादवले विश्वासको मत लिने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १४ माघ



मधेश प्रदेश सरकारले प्रदेश सभामा विश्वासको मत लिने भएको छ । सरकारमा सहभागी रहेको जनमत पार्टीले समर्थन फिर्ता लिएपछि सरकारले विश्वासको मत लिने तयारी गरेको छ । सरकारबाट समर्थन फिर्ता लिएको पत्र जनमत पार्टीका मन्त्रीद्वय शिक्षा तथा संस्कृति महेश प्रसाद यादव र श्रम तथा यातायात मन्त्री चन्दन सिंहले मंगलबार मुख्यमन्त्री सरोज यादवलाई राजीनामा पत्र बुझाएको थियो ।

मधेश कृषि विश्वविद्यालयको सप्तरीमा भवन शिलान्यासको क्रममा जसपा र जनमत पार्टीबीच विवाद भएको थियो । मधेश प्रदेश सरकारको स्वामित्वमा रहेको विश्वविद्यालयको कुलपति रहेका मुख्यमन्त्री सरोज कुमार यादवले भवनको शिलान्यासको प्रमुख अतिथि जसपाका अध्यक्ष उपेन्द्र यादवलाई बनाएको विरोधमा उत्रेको जनमत पार्टी अन्ततःसरकारबाट नै बाहिरिएको हो । सरकारमा सहभागी रहेको जनमत पार्टीले समर्थन फिर्ता लिएपछि विश्वासको मत लिनुपर्ने कानूनी प्रावधान छ । मधेश प्रदेश सरकारसँग प्रयाप्त बहुमत रहेपनि कानूनी प्रावधान अनुसार नै आगामी हप्ता नै प्रदेश सभामा विश्वासको मत लिने तयारी गरिएको मुख्यमन्त्री यादव निकट स्रोतले जनाएको छ । कुनै दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र सरकारले प्रदेश सभामा विश्वासको मत अनिवार्य रुपमा लिनुपर्छ । मधेश प्रदेशमा कांग्रेसको २२ जना सभासद, जसपाको १९ जना सभासद, माओवादीको ९ जना सभासद, लोसपाको ९ जना सभासद र एकीकृत समाजवादीको ७ जना सभासद रहेका छन् । एमालेको २४ जना सभासद, जनमतको १३ जना सभासद, राप्रपाको १ जना सभासद, नागरिक उन्मुक्ति पार्टीको १ जना सभासद, संघीय समाजवादीको १ जना सभासद र स्वतन्त्र १ जना सभासद रहेका छन् ।

मुख्यमन्त्री यादवलाई ५४ जना सभासदको समर्थन चाहिन्छ । कांग्रेस, जसपा, माओवादी, एस र लोसपाको गरी ६६ जना सभासदको समर्थन रहेको छ । जनमत पार्टीले समर्थन फिर्ता लिएपनि मधेश प्रदेशमा सरकारलाई बहुमत सिद्ध गर्न समस्या छैन् । यद्यपी मुख्यमन्त्री यादवले गठबन्धनका शीर्ष नेताहरुसँग छलफल गर्ने भएका छन् । गठबन्धनका शिर्ष नेताहरुसँग छलफल भएपछि मात्र विश्वासको मत लिने स्रोतले जनाएको छ । मुख्यमन्त्री यादवले अब प्रदेश सभाबाट तेस्रो पटक विश्वासको मत लिने तयारी गरेका हुन् । सरकारमा कांग्रेसबाट हाल ३ जना मन्त्री छन् । माओवादीबाट एकजना मात्र मन्त्री छन् । लोसपाबाट पनि एकजना मात्र सरकारमा रहेका छन् । जसपाको मुख्यमन्त्रीका अतिरिक्त ३ जना मन्त्री छन् । कांग्रेसले थप एउटा मन्त्रालयमा दाबी गर्दै आएको छ । माओवादीले पनि थप मन्त्रालयका लागि प्रयासरत रहेको बेला लोसपाले पनि दबाब बढाएको छ । शिक्षा तथा संस्कृति मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय बाडफाँटमा नेपाली कांग्रेस, माओवादी केन्द्र र लोसपाले दाबी गर्न थालेका छन् ।

# दाइजोको निहुँमा महिलाको हत्या, प्रहरीले लिएन उजुरी

**राकेश यादव/मध्यान्ह**
रौतहट, १४ माघ



रौटहट गौर नगरपालिका वडा नम्बर ४ गढवामा दाइजोको निहुँमा एक महिलाको हत्या भएको मृतक महिलाका माइती पक्षले आरोप लगाएका छन् ।

विवाहमा नगद रकम कम दिएको र सुत्ने खाट, कुर्सी लगायतको फर्निचर नदिएको भन्दै यातना दिँदै आएको माइती पक्षले बताएका छन् । दाइजोकै निहुँमा छोरीको हत्या गरेको महिलाका बाबुआमाले बताएका छन् ।

सामाजिक परम्परा गौर नगर पालिका ४ का सुनिल बैठा र पुनम देवी बैठाको २०७७ साल जेठ महिनामा विवाह भएको थियो । आफ्नो आमासँग मिलेर आफ्नो छोरीको हत्या गरेको मृतक महिलाका बुबा संजय बैठाले बताए ।

भारतको मोतिहारी जिल्ला रुसुलपुर घर भई हाल काठमाडौंमा व्यापार गरेर बस्दै आएका बैठाले गौरमा सञ्चारकर्मीसँग कुरा गर्दै दाइजोको विषय लिएर छोरीलाइ सधैं कुटपिट गर्दै आएका ज्वाइ सुनिल बैठा र छोरीको सासुले मिलेर हत्या गरेर घरमा झुण्ड्याएको दाबी गरे ।

छोरीलाई पटक-पटक लोग्ने, सासु र ससुराले दाइजो माग गर्न मानसिक, शारीरिक यातना दिने गरेकोले काठमाडौं प्रहरीमा उजुरी समेत दिएको उल्लेख गर्दै ससुरा बिजुली बैठाको इशारामा यस्तो घटना भएको मृतक महिलाका आमा सीता देवीले बताइन् ।

मृतकको १६ महिनाको छोरा रहेको बताउँदै निजको आमाले लोग्ने र सासुले हत्या गरेर आत्म हत्याको घटना बनाउने दुष्प्रयास गरेकोले दोषी उपर कानूनी कारबाही गर्न माग गरिन् ।

सुत्ने कोठामा रहेको खाट नजिक दुवै खुट्टा भुइँमा छोएको र घाटीमा सलले बाँधिएको अवस्थामा शव बारामद भएकोले हत्या गरी झुण्ड्याएकोले छानबिन गरी कानूनी कारबाही हुनुपर्ने माग पीडित परिवारको रहेको छ । हत्यामा संलग्न रहेका लोग्ने, सासु उपरमा जाहेरी दरखास्त लिएर जिल्ला प्रहरी कार्यालयमा जाँदा जाहेरी लिन नमानेको बताउँदै मृतकका आमाले छोरीलाई न्याय पाउनुपर्ने बताइन् ।

# नेपाली जनप्रगतिशील मञ्च जापानको अध्यक्षमा मोहन पौडेल निर्वाचित




**टोकियो/मस–** नेपाली जनप्रगतिशील मञ्च जापानको अध्यक्षमा मोहन पौडेल निर्वाचित भएका छन् । मञ्चले अधिवेशनमार्फत लेखा अनुशासन आयोगसहितको ४७ जनाको नयाँ कार्यसमिति चयन गरेको हो ।

मञ्चको अध्यक्षमा पौडेलसहित उपाध्यक्षमा बाबुराम पौडेलसहित ८ जना, महासचिवमा दावा लामा, उपमहासचिवमा अर्जुन अगाईंसहित ३ जना, सचिवमा जिपी लामिछाने, राकेश बिमलीसहित ६ जना, कोषाध्यक्षमा गौरी सापकोटा तथा सहकोषाध्यक्षमा सालिकराम मरहट्टासहित ४ जना र बाँकी १८ जना केन्द्रीय सदस्य निर्वाचित भएका निर्वाचन कमिटीका संयोजक डा.भुपालमान श्रेष्ठले मध्यान्हलाई जानकारी दिए । अधिवेशनको उद्घाटन माओवादी केन्द्रका नेताहरू लक्ष्मण पन्त र ओम शर्माले गरेका थिए । नवनिर्वाचित अध्यक्ष मोहन पौडेलले मञ्चले आगामी २ वर्षे कार्यकाल स्वर्णीम बनाउने उद्घोष गरे भने पूर्व अध्यक्ष भवानी पन्तले आफ्नो कार्यकाल सोचे भन्दा सफल भएको दाबी गर्दै आगामी कार्यकाल सफलताको शुभकामना व्यक्त गरिन् ।

## सीपीसीको...

उनले कांग्रेसले चीनसँग सहकार्य गर्न चाहेको बताए । चीनको आर्थिक विकास प्रशंसायोग्य रहेको बताउँदै उनले नेपालले विकासमा सहकार्य गर्न चाहेको बताए । नेपालमा भूकम्प जाँदा र कोभिडको समयमा चीनले गरेको सहयोग सम्झिँदै नेता कोइरालाले नेपाल(चीन सम्बन्ध पञ्चशीलमा आधारित रहेको बताए ।

## ८ वर्षपछि...

प्रमुख जिल्ला अधिकारी हुन्छन् । सो व्यवस्थालाई संशोधन गर्दा समायोजनमा समस्या आउने हुनाले कानुन संशोधन गर्न प्रदेशका आन्तरिक मामिला मन्त्रीहरूले सुझाव दिएका हुन् ।

## विपक्षीले ...

छलफल गरेको थियो । छलफलपछि समितिले सरकारसँग भारतीय पक्षसँग भएको सम्झौताको प्रति माग गरेको थियो । नपठाएको भन्दै विपक्षी सांसदहरुले सरकारको आलोचना गरेका हुन् ।

भारतसँग भएको सामुदायिक विकास परियोजनाका लागि अनुदान सहयोग कार्यान्वयनसम्बन्धी सम्झौतालाई लिएर समेत नेपालमा विरोध भएको छ । भारतीय दूतावासलाई एउटा परियोजनामा नेपालभित्र प्रत्यक्ष २० करोड रुपैयाँ खर्च गर्ने छुट दिएको भन्दै सम्झौताको विरोध भएको हो । नेपाल/भारत संयुक्त आयोगको बिहीबार भएको सातौं बैठकमा सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । भारतले नेपालमा एउटा परियोजनामा २४ करोड रुपैयाँ परियोजनाअन्तर्गत खर्च गर्न प्रस्ताव गरेको थियो । दुई देशबीच भएको सहमतिमा भने २० करोडसम्म खर्च गर्न सकिने उल्लेख छ । यस्तो विशेष अधिकार सरकारले भारतबाहेक अन्य राष्ट्रलाई दिएको छैन । यस सम्बन्धमा पनि विपक्षीहरुले सरकारको ध्यानाकर्षण गरेका हुन् ।

## सप्तरीमा...

तालाबन्दी गर्न नदिई सातदिनभित्र प्रमुख जिल्ला अधिकारी समक्ष छलफल गर्ने प्रतिवद्धतासहित फर्काएको छ । बचत कर्ताको रकम फिर्ता बाँकी राखेर सञ्चालकहरु सम्पर्कविहीन भएपछि आमा बचत समुहका महिला बचतकर्ताहरुले स्वयंसेवीकाहरुमाथि दबाब बढाउन थालेपछि उनीहरु अप्ठेरोमा परेका हुन् । जिल्ला जनस्वास्थ्य कार्यालयका तत्कालीन कार्यालय प्रमुख बिजय झाले उक्त सहकारीमा रकम जम्म गर्नका लागि साक्षी बसेर स्वयंसेवीका मार्फत् आमा बचत समुहमा मुठिया बचतको नाममा रहेका जिल्लाका करिब ३० हजार बचतकर्ताले करोडौं रकम बचत गरेका थिए । तर, हाल जनस्वास्थ्य कार्यालयमा सहकारीसँग भएको सम्झौता पत्रको लिखित कागजात उपलब्ध नभएकोले उक्त कार्यालयले जिम्मेवारी लिनबाट पन्छिन थालेको छ । २०४६ सालदेखि स्वास्थ्य स्वयंसेवीकाको रुपमा कार्यरत रुपनी गाउँपालिका ५ की ५० वर्षीया लिलम देवी दास उक्त संस्थाको ठगीमा परेर बचतकर्ताहरुबाट दिनहुँ प्रताडित हुनुपरेको बताउँछिन् ।

आइतबार जिल्ला स्वास्थ्य कार्यालय राजविराजमा तालाबन्दी गर्न पुगेकी ५५ वर्षीया जमरुता खातुनको कथा पनि उस्तै छ । उनका अनुसार जनस्वास्थ्य कार्यालयले संस्थासँग सम्झौता गरि स्वास्थ्य स्वयंसेविकाहरु मार्फत आम बचत समुह गठन गराई लाखौं रकम बचत गरेकी थिइन् । उनी आफ्नो नेतृत्वमा रहेको समुहमा बाँकी गर्नुपर्ने अढाई लाख रकम बिगत तिन वर्षदेखि फिर्ता गराउन संघर्षरत रहेको बताउँछिन् । तर अहिलेसम्म पिडामा बोलिदिने कोही नभएको उनको गुनासो छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय राजविराजका तत्कालीन कार्यालय प्रमुख झाले ग्लोबल सहकारीसँग मौखिक रुपमा सम्झौता गरेको पाइएको बहालवाला कार्यालय प्रमुख देबकान्त झा बताउँछन् । उनका अनुसार कार्यालय प्रमुख झा र ग्लोबल सहकारीले सम्झौता गरेको मुठिया बचत योजनामा जिल्लाका हजारौं महिलाहरुले रकम बचत गरेका थिए । तर अहिले सहकारी सञ्चालक सम्पर्कविहिन भएपछि बचतकर्ता महिलाहरुले स्वास्थ्य स्वयंसेवीकालाई बचत फिर्ता गर्न ताकेता दिदै आएका छन ।

हनुमान नगरकंकालनी नगरपालिका ९ की स्वास्थ्य स्वयंसेवीका रुखसार खातुनले सहकारी सञ्चालक सुखराम यादव र लघुवित्त प्रमुख पंकज पोखरेलको ठगीमा परेपछि समाजिक रुपमै बहिष्कृत हुन थालेकी बताउँछिन् । डाक्नेश्वरी नगरपालिका-७ की ३७ वर्षीया ललिता देवी राम पनि यस सहकारीको ठगीमा परेको सुनाउँछिन । उनले पाँच वर्षदेखि रकम फिर्ता गराउन संघर्षशिल रहेको बताउँछिन ।

यस्तै अप्ठेरोमा सप्तकोसी नगरपालिका-८ बस्ने सुगन्धा देवी झा पनि परेकी छिन । उनका अनुसार यस नगरपालिकामा आमा समुह मार्फत ३४ लाख भन्दा बढी रुपैयाँ फिर्ता हुन बाँकी रहेको छ । उनी संस्थाको ठगीमा परेको बताउँदै पहल गरिदिन सरोकारवालाहरुसँग अनुरोध गरिरहेकी छन् ।

विष्णुपुर गाउँपालिका-६ बस्ने बिरेन्द्र राय पनि बिचल्लीमा परेको बताउँछन् । उनले सहकारीबाट ९ लाख जति ऋण प्राप्त गरेको बापत ५ कट्ठा जग्गा धितो राखेका थिए । उनका अनुसार ९ लाख रुपैयाँको ब्याजसहित ११ लाख बढी रकम राष्ट्रिय सहकारी बैंकमा जम्मा गरिएको भएतापनि अहिलेसम्म धितो जग्गा फुकुवा नभएकोले विस्थापित हुनुपर्ने अवस्था आएको छ ।

## अख्तियारको...

कार्यालयसँग भएको सम्झौता पत्रको लिखित कागज नभेटाइएपछि तामेलीमा गएको सरोकारवालाहरु बताउँछन् । यस सम्बन्धमा आइतबार जिल्ला स्वास्थ्य कार्यालयमा तालाबन्दी गर्न ऱ्यालीसहित पुगेका समुहलाई जिल्ला प्रहरीले गेटमै रोकिएका थिए । गेटमा नारावाजी गरिरहेका महिलाहरू मध्येबाट केही जनालाई कार्यालय प्रमुख देबकान्त झासहित जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सरोज खनालले छलफल मार्फत सातदिन भित्र प्रमुख जिल्ला अधिकारीसमक्ष छलफल गराउने प्रतिवद्धता जनाएका छन् ।

## भिजिट...

अन्य अधिकृतहरु तानिएको बताइएको छ ।

तत्कालीन अध्यागमन अधिकृत ताराबहादुर कुँवरलाई पनि भिजिट प्रकरणका मुख्य नाइकेका रुपमा चित्रण गरिएको छ । उनीहरुले भिजिट भिसाको सेटिङमा पठाउँदा ४४ देखि ५५ हजारसम्म लिने गरेको पोल खोलाखोल भएको अनुसन्धानमा संलग्न स्रोतले बताएको छ ।

सरकारी वकिल कार्यालयले जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गर्ने तयारी गरेको छ । अभियोग पत्र दायर भएपछि फरार रहेकाहरु अदालतमा हाजिर हुने र धरौटीमा छुट्ने गरेका छन् ।

## साउदीमा...

परेकाहरुमध्ये सबैभन्दा बढी यमनी र इथोपियन रहेको बताइएको छ ।

बसोबास, काम र सीमा सुरक्षा नियम उल्लंघन गर्नेलाई ओसारपसार गर्ने र काममा लगाउने तथा आश्रय दिने ११ जना स्थानीय पनि पक्राउ परेका छन् । अवैधानिकरुपमा बसेका विदेशीलाई पक्राउ गर्ने अभियान शुरु गरेपछि हालसम्म ५० हजार ४ सय ८९ पुरुष र ५ हजार २ हजार ६७ महिलासहित ५५ हजार ७ सय ५६ विदेशी पक्राउ परेको प्रहरीलाई उद्धृत गर्दै साउदी गजेटले उल्लेख गरेको छ । पक्राउ परेका ४३ हजार विदेशीलाई देश निकाला अर्थात डिपोट गर्नका लागि सम्बन्धित देशको दूतावासलाई ट्राभल डकुमेन्ट जारी गर्न पत्रचार गरिएको जनाइएको छ ।

## मकाउ...

पारी पटक-पटक रकम लिइ ठगी गरेको प्रहरीको भनाइ छ । दरबारमार्गबाट पक्राउ परेका सिग्देललाई वैदेशिक रोजगार ऐनअनुसार अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

**UAE मा रोजगार** | कम्पनी : WELL CERTIFIED SCAFFOLDING L.L.C.
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/१४ | चलानी नं.: ६०२१३८८८ | L.T. No.: 298908

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २२ गते (5 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**BROTHER RECRUITMENT**
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११

**OMAN मा रोजगार** | कम्पनी : NESTO HYPERMARKET LLC
पूर्व स्वीकृत मितिः २०८०/१०/१४ | चलानी नं.: ६०२१३८८७ | L.T. No.: 298937

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Children Clothes Salesman | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४४,९२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrical Household Appliances Salesman | 20 | 0 | | 130 | ४४,९२२ | | | | | | | |
| 3. | Gifts And Curios Salesman | 0 | 5 | | 130 | ४४,९२२ | | | | | | | |
| 4. | Household Utensils And Equipments Salesm | 20 | 0 | | 130 | ४४,९२२ | | | | | | | |
| 5. | Loading And Unloading Worker | 20 | 0 | | 130 | ४४,९२२ | | | | | | | |
| 6. | Packing And Packaging Worker/general | 25 | 0 | | 130 | ४४,९२२ | | | | | | | |
| 7. | Sporting Clothes Sales | 15 | 0 | | 130 | ४४,९२२ | | | | | | | |
| 8. | Women Clothes Salesman | 0 | 5 | | 130 | ४४,९२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २२ गते (5 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३, ९८२३३०१०३५

# पूर्वाधार र सेवालाई प्रभावकारी बनाउन प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस**-प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्वास्थ्य क्षेत्रमा देखापरेका चुनौतीको व्यवस्थापनका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निर्देशन दिएका छन् । प्रतिष्ठानको १२ औं सभालाई आइतबार सम्बोधन गर्दै उनले थप पूर्वाधारको विकास तथा अस्पतालको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रतिष्ठानका पदाधिकारीलाई निर्देशन दिए । आम नागरिक स्वस्थ नभइकन विकास र समृद्धि सम्भव नहुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबै नागरिकलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनुपर्नेमा जोड दिए। उनले भने, 'स्वस्थ र निरोगी नागरिकबाट नै मुलुकको आर्थिक र सामाजिक रूपान्तरण सम्भव हुन्छ।'

समुदायमा आधारित सेवा प्रवाह गर्नु प्रतिष्ठानको उत्तम पहल भएको उल्लेख गर्दै कुलपति दाहालले यस्ता कार्यक्रममा अन्य मिल्दोजुल्दो कार्यक्रम पनि समेटेर अझ बढी सशक्त बनाएर अगाडि बढ्न निर्देशन दिए । उनले भने, 'अन्य प्रतिष्ठान एवं शैक्षिक संस्थाबाट पनि यसप्रकारको कार्यक्रम अगाडि बढाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ध्यानाकर्षण गराउँछु ।'

नेपाल अधिकांश भू-भाग ग्रामीण क्षेत्रले ओगटेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री दाहालले ग्रामीण क्षेत्रमा स्तरीय स्वास्थ्योपचारको व्यवस्था मिलाउन दक्ष तथा सामाजिक उत्तरदायित्वको भावनाबाट अभिप्रेरित डाक्टरलगायत स्वास्थ्यकर्मी उत्पादन गरी स्वास्थ्य सेवाको पहुँच ग्रामीण स्तरसम्म विस्तार गर्दै जानुपर्ने खाँचो औंल्याए । उनले भने, 'मानव विकास परिसूचकाङ्कमा पछि परेका तथा गुणस्तरीय स्वास्थ्य सेवामा कम पहुँच भएका नागरिकलाई बढी लाभान्वित तुल्याउने गरी आफ्नो सेवामा सुधार ल्याउन प्रतिष्ठानलाई निर्देशित गर्दछु ।'

प्रधानमन्त्री प्रचण्डले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा तथा यससँग सम्बन्धित वैज्ञानिक अनुसन्धान गरी समस्त स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदान सह्रानीय रहेको बताए । सभामा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री, राष्ट्रिय योजना आयोगका सदस्य, ललितपुर महानगरपालिकाका प्रमुख, विभिन्न प्रतिष्ठानका उपकुलपतिको उपस्थिति थियो ।

# पत्रमा नेपाल संवत् राख्न शुरु

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १४ माघ




जिल्ला प्रहरी कार्यालय हुम्लाले आफ्नो पत्रको मितिमा नेपाल संवत् राख्न शुरु गरेको छ । सरकारको मिति २०८० साल कात्तिक २७ गते बसेको मन्त्री परिषद बैठकको निर्णय र प्रहरी प्राधान कार्यालय नक्सालको परिपत्र अनुसार जिल्ला प्रहरी कार्यालय हुम्लाले जिल्लामा सुरुवात गरेको हो ।

सोही दिनको मन्त्री परिषदको निर्णय अनुसार देशभरका सरकारी कार्यालयमा राख्न सबै कार्यालयलाई परिपत्र गरिसकेको भएपनि हुम्लामा जिल्ला प्रहररी कार्यालयले यसको सुरुवात गरेको छ । जिल्लामा भएका अन्य सरकारी कार्यालयले मितिको तल्लो भागमा नेपाल संवत् नराखेको भएपनि सोही कार्यालयले माग ९ गतेदेखि नेपाल संवद राख्न शुरु गरेको जिल्ला प्रहरी कार्यालय हुम्ला प्रवक्ता प्रहरी निरीक्षक नरेन्द्र बहादुर चन्दले बताए ।

उनका अनुसार जिल्ला प्रहरीबाट हुने कैनैपनि पत्रमा मितिसँगै नेपाल संवत् राख्ने गरिएको छ । हाल नेपाल संवत् ११ सय ४४ भएको समयमा मन्त्रिपरिषदको निर्णय र प्रहरी प्रधान कार्यालयको परिपत्र अनुसार राख्न शुरु गरिएको छ ।

जिल्लामा भएका अन्य सरकारी कार्यालयले सोही निर्णयको पालना नगरेको भएपनि जिल्ला प्रहरी कार्याएलयले ५ दिन अघिबाट यसको सुरुवात गरिसकेको छ । जिल्लामा भएका सबै सरकारी कार्यालयलाई सोही निर्णय अनुसार आगामी तीन महिनासम्मको नेपाल संवत् पात्रो समेत दिइसकेको छ । कार्यालयलाई माघ १ गते अर्थात् नेपाल संवत् ११ सय ४४ को पोहेलाथ्व ४ देखि चौलाथ्व ४ सम्मका लागि पात्रो समेत दिएको छ । सोही पात्रोमा पोहेलाथ्व, सिलाथ्व, सिल्लाग्गा, चिल्लाथ्व र चौलाथ्व गरी ५ महिना रहेका छन् ।

सोही नेपाल संवत्मा १५ दिनको एक महिना हुने गरेको छ भने सबै महिना संस्कृत भाषामा रहने गरेको पाइएको छ । सोही मितिमा भएको १५ दिनको एक महिना हुने गरेको भएपनि नेपाल सरकारले विक्रम संवतको महिनालाई मान्नेछ । बार भने ७ दिनको हुने भएको छ ।

# नेपाली जनसम्पर्क समिति मलेसियाको जोहोर राज्य समिति पुनर्गठन



**तिलोतन गौतम/मध्यान्ह**
काठमाडौं, १४ माघ

नेपाली कांग्रेस निकट नेपाली जनसम्पर्क समिति मलेसियाको जोहोर राज्य समिति पुनर्गठन

गरिएको छ । जनसम्पर्क समिति मलेसियाले जोहोर राज्यमा कार्यरत नेपाली श्रमिकहरुको सुख दु:ख साटासाट गर्दै श्रमिकहरुका साझा समस्या समाधान गर्ने उद्देश्यले आइतबार जोहोरको सेनाइमा एक कार्यक्रमबीच क्षेत्रीय समितिको समिति पुनर्गठन गरेको हो । जनसम्पर्क समिति मलेसियाका केन्द्रीय सभापति चोला कान्त पंगेनीको प्रमुख अतिथ्यतामा राज्य समिति पुनर्गठन भएको हो । पुनर्गठित समितिको अध्यक्षमा गोविन्द लिम्बु र उपाध्यक्षमा सुनिता साह सर्वसम्मत चयन भएका छन् भने बाँकी अन्य रिक्त पदमा सहमतिमा पदाधिकारीको प्रथम बैठकले चयन गर्ने प्रवक्ता लाल बहादुर खड्काले मध्यान्हलाई जानकारी दिए ।

समिति पुनर्गठन कार्यक्रममा विशेष अतिथिमा उपसभापति कमल गौतम, राकेश महतो अतिथिहरुमा जनसम्पर्क समिति मलेसियाका केन्द्रीय महामन्त्री हरिप्रसाद कोइराला, प्रवक्ता लाल बहादुर खड्का, सदस्य लोक बहादुर थापा, सञ्चारकर्मी घनश्याम चौधरी, कृष्ण गुप्ता लगायत नेपाली श्रमिकहरुको सहभागीता रहेको थियो । नवगठित जोहोर क्षेत्रीय समितिका पदाधिकारीहरुलाई उल्लेखनीय रुपमा जोहोर क्षेत्रमा रहेका श्रमिकका समस्या उपर काम गर्नपर्ने बताउँदै मलेसियाका केन्द्रीय सभापति चोला कान्त पंगेनीले बधाइ तथा सुभकामना दिएर कार्यक्रम समापन गरेका थिए ।

# आगलागीबाट करिब ५ लाख बराबरको क्षति



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १४ माघ

बर्दियाको गेरुवा गाउँपालिका वडा नं ६ को एक गोठमा आगलागी हुँदा करिब ५ लाख बराबरको क्षति भएको छ । शनिबार राति नारायणपुर बस्ने मुक्त बहादुर बस्नेतको गोठमा अचानक आगलागी हुँदा सो बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट खरले छाएको गोठ जलेर पुरै नष्ट भएको छ । गोठमा बाँधिएका एउटा दुहुनो भैंसी, ६ वटा बाख्रा जलेका छन् । गोठका काठ काम नलाग्ने भएका छन् । आगलागी बाट मानवीय क्षति नभएको र आगो के कारणले लागेको हो खुल्न नसकेको प्रहरीले जनाएको छ ।

**सोरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जिमा, मुगु**
**कर्णाली प्रदेश, नेपाल**

**सच्याइएको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/१०/१५**

मिति २०८०/१०/१३ मा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचना (ठेक्का नम्बर IFB NO: SRM/MUGU/NCB/GOODS/LISP/02/2080-81) मा स्वीकृत रकम (VAT र PS सहित) रु. २५,३४,९१७३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## ओमनमा रोजगार

कम्पनी: ASHRAF & SAM TRADING LLC
शहर: Oman,Bousher- Al Khuwair

पुर्व स्वीकृत मितिः २०८०/१०/१४ | चलानी नं.: ६०२१३८६४ | L.T. No.: 298917

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook General | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५१,८३४ | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 15 | 0 | | 150 | ५१,८३४ | | | | | | | |
| 3. | Dish Washer | 5 | 0 | | 120 | ४१,४६७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २२ गते (5 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

साथै यसै कम्पनीमा Barista र Bartender को माग भएकोले अनुभव भएकोहरुले आफ्नो डकुमेन्ट info.alzafarnepal@gmail.com मा इमेल गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## कुवेतमा रोजगार

कम्पनी : KUWAIT INDIA INTERNATIONAL EXCHANGE CO.
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/१०/१४ | चलानी नं.: ६०२१३८७९ | L.T. No.: 298968

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 4 | 1 | स. काममा दक्ष | 140 | ६०,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २२ गते (5 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.**
श्रम ईजाजत नं. २९९/०५८/५९
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com

## UAE मा रोजगार

कम्पनी : MASRI ENGINEERING AND CONTRACTING - MEC SAL
शहर : DUBAI

पुर्व स्वीकृत मितिः २०८०/१०/१४ | चलानी नं.: ६०२१३८७५ | LT. No.: 298922

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,७४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 100 | 0 | | 900 | ३२,५१७ | | | | | | | |
| 3. | Mason | 100 | 0 | | 1100 | ३९,७४३ | | | | | | | |
| 4. | Steel Fixer | 100 | 0 | | 1100 | ३९,७४३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २२ गते (5 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Empower Human Resources Management Pvt. Ltd**
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chatwan Branch : 9855016639 | Butwal Branch : 9851178901

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: SRI ANNAPOORNA VEGGIE CATERING COMPANY
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/१०/१४ | चलानी नं.: ६०२१३८८१ | LT. No.: 298935

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef/cook | 1 | 0 | स. काममा दक्ष | 140 | ६०,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २२ गते (5 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

## कतारमा रोजगार

कम्पनी: CROWN MOON TRADING CONTRACTING & SERVICES
शहर : Qatar,Doha

पूर्व स्वीकृत मितिः २०८०/१०/१४ | चलानी नं.: ६०२१३८८२ | LT. No.: 298901

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electricain | 1 | 0 | | 1100 | ४०,०४० | | | | | | | |
| 3. | Foreman | 14 | 0 | | 2500 | ९१,००० | | | | | | | |
| 4. | Gen.clean Worker | 0 | 2 | | 1000 | ३६,४०० | | | | | | | |
| 5. | Labourer | 22 | 0 | | 1000 | ३६,४०० | | | | | | | |
| 6. | Mason | 1 | 0 | | 1100 | ४०,०४० | | | | | | | |
| 7. | Plaster Worker | 2 | 0 | | 1100 | ४०,०४० | | | | | | | |
| 8. | Supervisor | 1 | 0 | | 2500 | ९१,००० | | | | | | | |
| 9. | Technician | 1 | 0 | | 1200 | ४३,६८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २२ गते (5 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MARS MANPOWER SERVICES PVT. LTD.**
Gov. Lic No. 1471/074/075
Kathmandu, Nepal Tel. No.: 014547013, 9826776133
Web.: www.marsmanpowerservices.com, Email: info@marsmanpowerservices.com

## यूएई स्थित सुपरमार्केटको FOOD COURT मा FREE VISA/FREE TICKET को रोजगारको अवसर

१. कम्पनी : SPINNEYS DUBAI LLC.
शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०४/०२ | चलानी नं.: ६०२०४८०७ | LT. No.: 289571 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
